महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश
ललितपुर
२०७३

## अत्यन्त जरुरी सार्वजनिक सूचना

## भारी वर्षा, बाढी तथा पहिरोको जोखिमसम्बन्धी पूर्वसूचना तथा सतर्कता अपनाउने सम्बन्धमा

नेपाल मौसम बिज्ञान बिभागद्वारा मिति २०८३।०६।०५ गते जारी बिशेष मौसमी बुलेटिन अनुसार असोज ९ देखि ११गते सम्म बागमती प्रदेशका बिभिन्न स्थानहरुमा मेघगर्जन, चटयाङ र हावाहुरी सहित भारी देखि धेरै भारी वर्षाको सम्भावना रहेको छ, उक्त अवधिमा नदी तथा खोलामा पानीको वहाव वढ्ने, आकस्मिक बाढी, पहिरो आउने तथा डुवान हुन सक्ने, सडक तथा हवाई यातायात समेत प्रभावित हुन सक्ने जोखिम रहेकोछ ।बंगालको खाडीबाट विकसित भएको न्यून चापीय जलवाष्पयुक्त प्रणालीका कारण पूर्वी नेपाल हुँदै काठमाडौं उपत्यका तथा महालक्ष्मी नगरपालिका क्षेत्रमा समेत भारी वर्षा हुने जल तथा मौसम विज्ञान विभागको पूर्वानुमान रहेको छ।

महालक्ष्मी नगरपालिकाभित्र बहने **कर्मनाशा खोला र गोदावरी खोला** तथा अन्य स्थानीय खोलानालाहरूमा जलसतह ह्वात्तै बढ्न सक्ने, कटान हुन सक्ने र तटीय क्षेत्र तथा होचा भू-भागहरू (इमाडोल, टिकाथली, लुभू, सानागाउँ लगायतका क्षेत्र) मा डुबानको जोखिम रहेकाले नगरवासीहरूमा विशेष सतर्कता अपनाउन अनुरोध गरिन्छ।

**मुख्य जोखिम क्षेत्रहरू:**

- कर्मनाशा र गोदावरी खोला किनारमा जलसतह बढेर किनारका बस्तीहरू तथा कृषि क्षेत्रमा कटान र डुबान हुन सक्ने, पहाडी तथा ढलान क्षेत्र (वडा नं. ८, ९ र १० मा निरन्तरको वर्षाका कारण भिरालो जमिन तथा कच्ची सडक क्षेत्रमा साना-ठूला पहिरो जाने जोखिम र होचा तथा ढल निकास कम भएका क्षेत्रहरुमा सडक तथा घरका भुईंतलामा पानी पस्ने र डुबान हुने सम्भावना अत्याधिक रहेकोले निम्नानुसारका पूर्व सावधानी अपनाउनुहुन अनुरोध छ ।
    १. **खोला किनारबाट सुरक्षित रहनुहोस्:** कर्मनाशा तथा गोदावरी खोला किनारका बासिन्दाहरूले उच्च सतर्कता अपनाउनुहोला र जलसतह बढेमा तुरुन्त सुरक्षित स्थानमा सर्नुहोला।
    २. **सडक र ढल निकास सफा राख्नुहोस्:** घरवरपरका ढल तथा नालीमा फोहर फालेर पानी थुप्रिने स्थिति सिर्जना हुन नदिनुहोला।

३. **भुइँतलामा बहुमूल्य सामान नराखुहोस्:** डुबानको जोखिम भएका स्थानमा रहेका खाद्यान्न, विद्युतीय सामान र बहुमूल्य वस्तुहरू माथिल्लो तलामा सार्नुहोला।
४. **अत्यावश्यक बाहेक यात्रा नगर्नुहोस्:** भारी वर्षाको समयमा साना सवारी साधन (विशेष गरी दुईपाङ्ग्रे) लिएर हिलाम्मे वा डुबान भएका सडकमा यात्रा नगर्नुहोला।
५. **विद्युतीय सुरक्षा:** पानी जमेको स्थान नजिक रहेका पोल वा तारहरूबाट टाढा रहनुहोस् र चट्याङ परेका बेला विद्युतीय उपकरणहरू बन्द राखुहोस्।

**विपद्, बाढी वा पहिरोको जोखिम भएमा वा उद्धारको आवश्यकता परेमा तुरुन्त निम्न नम्बरहरूमा सम्पर्क गर्नुहोला:**

- **महालक्ष्मी नगरपालिका कार्यालय:** ०१-५२०३५९२ / ०१-५२०१७३३
  **नगर प्रहरी इन्चार्ज** - ९८६७०९७९०२

- **नेपाल प्रहरी** (जिल्ला प्रहरी परिसर, ललितपुर- ९८५१२९४५५५, इमाडोल- ९८५१२८५९७७/ लुभू- ९८५११८३१७४/ टिकाथली- ९८५१२८३७२९)
- **सशस्त्र प्रहरी बल (उद्धार):** १०७
  **एम्बुलेन्स सेवा:** १०२

**<u>नगरपालिकाका प्रमुख वडा कार्यालयहरूको सम्पर्क नम्बर:</u>**

- वडा नं. १ (इमाडोल): ९८४१३८५९१८
- वडा नं. २ (इमाडोल): ९८४१४१०३८१
- वडा नं. ३ (इमाडोल): ९८४१५७५०१७
- वडा नं. ४ (इमाडोल): ९८५१०९२५५३
- वडा नं. ५ (टिकथली): ९८५१०६२६६१
- वडा नं. ६ (सिद्धिपुर): ९८४१२५३२८१
- वडा नं. ७ (चाङ्गाथली): ९८५१०३१५१०
- वडा नं. ८ (लुभू): ९८५११३१००२
- वडा नं. ९ (लामाटार): ९८५१०७३६५६
- वडा नं. १० (लाकुरीभञ्ज्याङ): ९८५१०६७२९४

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश
ललितपुर
२०७३

**अमित ढुंगाना**
**प्रमुख प्रशाशकीय अधिकृत**